कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि तथा नर्मस्

२०७८

रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

रत्ननगर, चितवन

बागमती प्रदेश, नेपाल

CamScanner

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल

कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि तथा नर्मस् २०७८

पृष्ठभुमि

देशको कुल ग्राहस्थ्य उत्पादनको करिब एक तिहाइ कृषि क्षेत्रबाट प्राप्त हुने र दुइ तिहाइ बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको स्पष्ट छ । कृषि विकास कार्यक्रम मार्फत कृषि अनुसन्धानबाट विकास गरिएका समय सापेक्ष परिमार्जित स्थानिय र नविनतम् कृषि प्रविधिहरु कृषकको माग र सम्भाव्यता अनुसार कृषि प्राविधिक र कृषि विशेषज्ञको माध्यमद्धारा कृषक, समूह, तथा समिति समक्ष पुर्याई कृषि सेवा प्रवाह गर्न आवश्यक देखिएको छ । नविनतम् कृषि प्रविधि अर्न्तग कृषकहरुको लागि कुनै बालीको नयाँ जात, बाली लगाउने तरिका, मलखाद प्रयोग गर्ने तरिका, गोड्मेल गर्ने तरिका, सिचाँइ गर्ने तरिका, रोगकीरा लागेमा नियन्त्रण गर्ने तरिका, विषादी प्रयोग गर्ने तरिका, लागत घटाउने र न्यूनतम श्रोत साधन उपयोग गर्ने खालका कृषि उत्पादन सामग्रीहरु आदि पर्दछन । कृषक समक्ष बढी भन्दा बढी प्रविधि र सिपहरु प्रभावकारी रुपमा पुर्याउन कृषि विकास कार्यक्रम र यसको संचालन प्रक्रिया वा कार्यविधिको भूमिका महत्वपुर्ण हुन सक्छन । कृषि विकास कार्यक्रम कार्यविधिले कृषकहरुलाई नविनतम प्रविधिहरु अपनाउन प्रोत्साहन गर्ने र आवश्यक सेवा सामग्रीहरुको सदुपयोग गराउन सिकाउने मात्र हैन, कृषकका समस्याहरुको समाधान समेत खोजी कृषक कहाँ पुर्याउछ ।

विगतका समयदेखि कृषि अनुसन्धानबाट विकसित जुनसुकै कृषि प्रविधि कृषक समक्ष कृषि विभाग अर्न्तगत हुदै जिल्ला कृषि विकास कार्यालय, कृषि सेवा केन्द्र र कृषि प्राविधिकको माध्यम मार्फत हुने गरेको अवस्था थियो भने हालको नयाँ संरचना अनुसार अधिकांश कृषकलाई प्रत्यक्ष लाभ हुने कृषि विकास कार्यक्रमहरु स्थानिय तह मार्फत हुने व्यवस्था गरिएको छ । बृहत दायरा लिएको कृषि विकास कार्यक्रमलाई सीमित क्षेत्र भित्र ल्याउन, बजेट खर्च प्रक्रियामा एकरुपता ल्याउन, कार्यक्रमहरु सुव्यवस्थित एवं कृषक उपयोगी बनाउन, दोहोरो अनुदान निरुत्साहीत गर्न यो कार्यविधि तयार गरिएको छ । स्थानिय तह मार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम संचालन गर्न कार्यविधि आवश्यकता महशुस भएकोले स्थानिय तह मार्फत कार्यान्वयन गर्न कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि तथा नर्मस्, २०७८ तयार गरि लागू गरिएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि तथा नर्मस्, २०७८" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

ख) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएको मितिबाट नगरपालिका भर लागू हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"कृषक"** भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ख) **"कृषि"** भन्नाले बाली, बागवानी, पशुपंछी, मत्स्य आदि कृषिका सबै उप क्षेत्रसँग सम्बद्ध उत्पादन, उधोग एवमं व्यवसायहरु सम्झनु पर्दछ ।

ग) **"फर्म"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्दछ ।

घ) **"कम्पनी "** भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

ङ) **"कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि सामूहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उदेश्इहरु प्राप्त

शिशिर पौडेल प्रमुख प्रशासकिय अधिकृत

नारायण बन नगर प्रमुख

CamScanner

गर्न साविकको जिल्ला कृषि विकास कार्यालय तथा नगरपालिकामा दर्ता भएका पालिकाभित्रका कृषक समूह सम्झनु पर्दछ ।

च) **"कृषि सहकारी"** भन्नाले रत्ननगर नगरपालिका भित्र रहेका सहकारी ऐन अनुरुप दर्ता भएका संस्था सम्झनु पर्दछ ।

छ) **"अनुदान"** भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकम वा जिन्सी सामग्रीलाई सम्झनु पर्दछ ।

ज) **"अनुदान ग्राही"** भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषक समूह/कृषि सहकारी संस्था आदीलाई सम्झनु पर्दछ ।

झ) **"स्थानिय तह"** भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका वा नगरपालिका भन्ने सम्झनु पर्दछ ।

ञ) **"नगरपालिका वा कार्यालय"** भन्नाले रत्ननगर नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

ट) **"स्वीकृत बार्षिक बजेट"** भन्नाले रत्ननगर नगरपालिकाको चालु आ.व. बाट कृषि विकास कार्यक्रम संचालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ ।

ठ) **"समिति"** भन्नाले रत्ननगर नगरपालिकाको आर्थिक विकास समिति भन्ने सम्झनु पर्दछ ।

ड) **"कृषि कार्यक्रम"** भन्नाले कृषि कार्यक्रमको लागि रकम विनियोजन भई शीर्षक अनुसार तोकिएको कार्यक्रम भन्ने बुझ्नु पर्दछ ।

ढ) **"कृषि विकास शाखा"** भन्नाले रत्ननगर नगरपालिका अन्तरगत कृषि सम्वन्धि काम गर्ने शाखा सम्झनु पर्दछ ।

३. <u>उद्देश्य:</u> यस कार्यविधिको प्रमुख उदेश्यहरु देहाय बमोजिम हुनेछ ।

क) कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

ख) कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउने,

ग) कृषि अनुसन्धानबाट विकास गरिएका समय सापेक्ष परिमार्जित स्थानिय र नविनतम् कृषि प्रविधिहरु कृषकको माग र सम्भाव्यता अनुसार कृषि सेवा प्रवाह गर्ने,

घ) स्थानिय आवश्यकता, माग र सम्भावनाका आधारमा ठाउँ विशेष अनुसारको बालीबस्तु विशेषको पहिचान गरि आवश्यक कार्यक्रम कार्यान्वयन गरिने,

ङ) साना कृषक, सुकुम्बासी, गरिव, महिला, जनजाती, दलित, पिछिडिएकालाई प्राथमिकतामा राखी कृषकहरुको व्यवसायिक कृषि कार्यक्रम मार्फत जिविकोपार्जन सुधारमा सहयोग पुर्याउने,

च) सिँचाइ प्रणालीको सुधार गरी खाधन्नमा आत्मनिर्भर हुन मुख्य खाधन्न बालीहरु (धान, मकै र गहुँ), तरकारीवाली र फलफूलको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने,

छ) कृषकको क्षमता सीप अभिवृद्धि गर्न तालिम, गोष्ठी, भ्रमण कार्यक्रम संचालन गर्ने,

ज) नविनतम् कृषि प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई आत्मनिर्भर, आधुनिक, प्रतिस्पर्धी बनाउने ।

झ) गरिवी निवारण, शुन्य भोकमरी र खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।

ण) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने,

त) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी, र प्रभावकारी रुपमा संचालन गर्ने ।

४. <u>सरोकारवाला निकायहरु :</u> यस कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका रहनेछ ।

क) कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि विकास कार्यक्रम संचालन हुनेछ ।

शिशिर पौडेल
प्रमुख प्रशासकिय अधिकृत

नारायण वन
नगर प्रमुख

ख) कार्यालयले कार्यक्रम तर्जुमा, नीतिगत सहजीकरण, अनुगमन मुल्यांकन तथा समन्वय गरी कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नेछ ।

ग) कार्यालयले कार्यक्रम दोहोरोपाना नहुने गरी प्रदेश र संघ स्थित कार्यालय सँग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

घ) अनुदानग्राही र कार्यालयको आवश्यकताको आधारमा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न कृषि सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्थाले समन्वय र सहकार्य गर्नुपर्नेछ ।

परिच्छेद-२

अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया

५.संचालन हुने कार्यक्रमहरु : यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रहि देहाय बमोजिम सञ्चालन गरिने छन् ।

क.सं.	कार्यक्रम	मापदण्ड	संचालन गर्न सकिने क्रियाकलापहरु	अनुदान रकम/प्रतिशत
१	समग्र कृषि विकास कार्यक्रम संचालन	अनुसूची २ मा उल्लेखित कार्यक्रमसँग सम्बन्धित कागजातहरु	स्वीकृत वार्षिक कार्यक्रम र आवेदकको स्वीकृत कार्ययोजनाका क्रियाकलापहरु	स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सामग्री तथा अन्य सेवा खरिद गर्दा स्वीकृत प्रचलित कानून बमोजिमको दररेट अनुसार गर्नुपर्ने

क) प्रर्दशन कार्यक्रम

ख) गुणस्तरीय बीउ उत्पादन/बीजवृद्धि कार्यक्रम

ग) उन्नत बीउ वितरण कार्यक्रम

घ) अनुदानमा कृषि उत्पादन सामग्री वितरण कार्यक्रम (कृषि यन्त्र तथा उपकरणहरु)

ङ) एकीकृत बाली व्यवस्थापन कृषक पाठशाला कार्यक्रम

च) स्थलगत कृषक तालिम कार्यक्रम

छ) क्रप कटिङ्ग कार्यक्रम

ज) नगरस्तरीय कृषि योजना तर्जुमा गोष्ठी कार्यक्रम

झ) नमूना प्रदर्शन तथा कृषक तालिम आदिका माध्यमबाट ज्ञान र सीपको क्षमता अभिबृद्धि कार्यक्रम

ञ) सहकारी सिंचाइ, साना सिँचाइ मर्मत तथा सम्भार कार्यक्रम

ट) माटो परिक्षण कार्यक्रम

ठ) आकस्मीक बाली संरक्षण तथा बाली उपचार शिविर संचालन कार्यक्रम

ड) भकारो सुधार कार्यक्रम

ढ) कृषि फर्म/कृषक समूह/कृषि सहकारीको प्रस्तावका आधारमा संचालन गरिने व्यवसायिक कृषि विकास कार्यक्रम

ण) अन्य कार्यक्रमहरु

६. अनुदान कार्यक्रम छनौटका आधारहरु : अनुदान कार्यक्रम सञ्चालनार्थ कृषक/कृषक समूह/कृषि सहकारी तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) अनुदानमा संचालन गरिने कृषि खेती व्यवसायको स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

ख) खेती व्यवसायको लागी जमीन आफनै वा भाडामा लिएर गर्न सकिने छ । खेती व्यवसाय गर्ने कृषक सोही नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्ने बाध्यकारी नभए पनि सम्बन्धित नगरपालिकामा नै खेतीको लागि प्रस्ताव गरेको हुनुपर्नेछ ।

ग) व्यवसायिक खेती व्यवसायको लागि सम्बन्धित कृषकले कूल लागतको बढिमा ५०% सम्म भार व्यहोर्नु पर्नेछ। उक्त भार रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्नेछ।

घ) महिला, दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न कृषकवर्गको हितलाई विशेष प्राथमिकता दिईनेछ।

ङ) छनौट गर्दा नगरपालिकाले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रमा कृषि व्यवसाय संचालन गर्ने कृषकलाई प्राथमिकता दिईनेछ।

च) वातावरणीय अनुकूलका कृषि व्यवसायलाई प्रोत्साहित गरिनेछ।

छ) नगरपालिका तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट कृषि व्यवसायका लागि सहयोग नलिएको कृषकहरुलाई प्राथमिकता दिइनेछ।

ज) एक पटक अनुदान पाएका कृषक/सगोलमा रहेका कृषक परिवारलाई पून: अनुदान दिईने छैन।

झ) छनौट भएका अनुदान कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ।

७. **अनुदान कार्यक्रम संयोजक र निजको दायित्व :** अनुदान कार्यक्रम सञ्चालनार्थ कार्यक्रम संयोजक र निजको दायित्व देहाय बमोजिम हुनेछ।

क) अनुदान कार्यक्रमको लागि नगरपालिकाको कृषि विकास अधिकृतलाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा कार्यालय प्रमुखले कुनै अधिकृतलाई संयोजक तोकी जिम्मेवारी तोक्नु पर्नेछ।

ख) संयोजकले नगरपालिकामा तरकारी खेतीमा देखिएको समस्या हेरी सम्वन्धित विषय विशेषज्ञ र कृषि ज्ञान केन्द्रको सहयोगमा निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ।

ग) प्रत्येक अनुदान कार्यक्रम सम्वन्धि भए गरेका कार्यहरुको अभिलेख राख्नुपर्नेछ।

८. **अनुदान कार्यक्रम सञ्चालन प्रकृया:** अनुदान कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।

क) सूचना प्रवाह: नगरपालिकाले अनुदान कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे नगरपालिकाको सूचना बोर्ड, वेवसाइट, स्थानिय पत्र पत्रिका, वडा कार्यालय तथा स्थानीय एफ.एम. मार्फत अनुसूचि १ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ।

ख) आवेदन : उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि अनुदानको कार्यक्रम कार्यान्वयनको लागि कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी/उपभोक्त समितिहरुले अनुसुचि २ बमोजिमको ढाँचामा नगरपालिकामा आवेदन पेश गर्नुपर्नेछ। आवेदकले प्रस्तावना वडा कार्यालयहरुको सिफारिस पत्र साथ नगरपालिकामा प्रस्तावना दर्ता गराउनु पर्नेछ।

ग) प्रस्तावना : आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने प्रस्तावनाको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ।

घ) छनौट प्रक्रिया : नगरपालिकाले दफा ७ (ग) बमोजिम अनुदान कार्यक्रमबारे माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउदा अनुसुची ६ मा उल्लेखित सूचकहरुको आधार एवं प्रस्तावना संचालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन तयार गरी आर्थिक विकास समितिमा पेश गर्नुपर्नेछ। पेश भएका प्रस्तावनाहरु मध्ये आर्थिक विकास समितिबाट उपयुक्त प्रस्तावनाहरुलाई स्वीकृत गरिनेछ। स्वीकृत गरिएका प्रस्तावनाहरुलाई नगरपालिकाले अनुसूची ४ बमोजिम सम्झौता गराई कार्यक्रम संचालन गराइनेछ। सम्झौता पश्चात् कार्यालयले कार्यादेश दिनेछ। कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधि भित्र सम्पन्न गर्नुपर्नेछ।

ङ) अनुदान रकम प्रवाह प्रक्रिया : अनुदान सहयोगको रकम र उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ।

१) अनुदान कार्यक्रम संचालनको लागि कृषि विकास शाखा, रत्ननगर नगरपालिकालाई नै अख्तियारी उपलब्ध गराइनेछ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नारायण वन
नगर प्रमुख

रत्ननगर नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल

२) कार्यक्रमको प्रकृति अनुसार अनुदान रकम आंशिक तथा पूर्ण अनुदान हुनेछ ।

३) कृषि फर्म/कम्पनी/समूह/सहकारी/जल उपभोक्ता संस्थाले अनुदानमा कृषि उत्पादन सामग्रीहरु खरिद गर्नका लागि अनुसूची ७ बमोजिम श्रोत केन्द्र/आपुर्तिकर्ता सिफारिस माग गर्न सक्नेछ ।

४) प्रस्तावना स्वीकृति पश्चात् नगरपालिकाले कार्यक्रमको लागि अनुदान रकम बैंक खातामा उपलब्ध गराउन सक्नेछ । नगरपालिकाबाट कार्यक्रम स्वीकृत भई पालिकासँग सम्फौता भएपछि कार्यक्रम संचालन गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भए पछि आवश्यक कागजात तयार गरी भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ । आर्थिक विकास समितिले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा रकम भुक्तानी दिइनेछ ।

५) नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम नगरपालिकाले अग्रसरता लिई सम्बन्धित कृषकद्वारा पारदर्शिता अपनाई कार्यक्रम संचालन गर्नुपर्नेछ । कार्यक्रम संचालन पेश भएको प्रस्तावना र सम्फौता अनुसार हुनुपर्नेछ ।

६) अनुदानको लागि छनौट भएका अनुदानग्राहीले स्वीकृत कार्यक्रमका कार्ययोजना क्रियाकलापहरु संचालन गर्दा अनुसूची ८ बमोजिमको बोर्ड सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।

९.कार्य सम्पन्न प्रतिवेदन : कृषकहरुले प्रस्तावना र सम्फौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सम्बन्धित युवा उधमीले वडा कार्यालयको सिफारिस साथ अनुसूची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

परिच्छेद-३
शाखा, समिति र नगरकार्यापालिकाको भूमिका तथा कार्यजिम्मेवारी

१०. कृषि विकास शाखा, आर्थिक विकास समिति र कार्यापालिकाको भुमिका तथा कार्यजिम्मेवारी : नगरपालिकामा कृषि कार्यक्रम संचालनका लागि तपंसिल अनुसारका शाखा, समिति र कार्यापालिकाको भुमिका रहने छ ।

क्र.सं.	विवरण	जिम्मेवारी
१	वार्षिक बजेट तथा कार्यक्रम, कार्यक्रम कार्यान्वयन कार्यविधि/कार्ययोजना/मापदण्ड प्रस्ताव गर्ने	कृषि विकास शाखा
२	वार्षिक बजेट तथा कार्यक्रम र कार्यक्रम कार्यान्वयन कार्यविधि छलफल गरी नगर कार्यपालिकामा पेश गर्ने तथा कार्ययोजना र मापदण्ड स्वीकृत गर्ने	आर्थिक विकास समिति
३	वार्षिक बजेट तथा कार्यक्रम र कार्यान्वयन कार्यविधि छलफल गरी निर्णय प्रकृयाका लागि नगर कार्यपालिका बैठकमा पेश गर्ने	आर्थिक विकास समिति
४	वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि नगर सभामा पेश गर्ने र कार्यक्रम कार्यान्वयन नीति, कार्यक्रम र कार्यविधि स्वीकृत गर्ने	नगर कार्यपालिका
५	स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धि क्षेत्र प्राथमिकीकरण, सुचना प्रशारण, प्रस्ताव आह्वान, प्रस्ताव संकलन तथा प्रारम्भिक मुल्याङ्कन	कृषि विकास शाखा
६	कार्यक्रम कार्यान्वयन क्षेत्र छनौट, प्रस्तावको अन्तिम मुल्याडकन तथा अनुदानग्राही छनौट	अर्थिक विकास समिति
७	अनुदानग्राही सँग संभौता गर्नु, कार्यक्रम कार्यान्वयन सहजीकरण	कृषि विकास शाखा
८	कार्यक्रम कार्यान्वयन अनुगमन तथा मुल्याङ्कन	कृषि विकास शाखा र आर्थिक विकास समिति

शिशिर पौडेल प्रमुख प्रशासकीय अधिकृत

नारायण बस्नेत नगर प्रमुख

रत्ननगर नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल

परिच्छेद ४

कृषि कार्यक्रमको खर्चको नर्मस्

१.१ कृषक समूह गठन : कृषक समूह दर्ता नविकरण तथा जरिवाना सम्बन्धि खर्चको नर्मस् समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

१.१.१ कृषक समूह गठन/पुनर्गठनका लागि निवेदन पेश: रु २० ।-

१.१.२ नयाँ कृषक समुह गठन राजश्व दस्तुर: रु. १०० ।-

१.१.३ कृषक समुह नविकरण राजश्व दस्तुर: रु. ५० ।-

१.१.४ जरिवाना शुल्क म्याद सकिएको ३६ औ दिन देखि १ बर्ष सम्म रु. १०० र १ बर्षपछी प्रति बर्ष रु. १०० को दरले शुल्क थप हुदै जानेछ ।

१.२ रासायनिक मल विक्रेता सुचिकृत: रासायनिक मल विक्रेताहरुको दर्ता तथा नविकरण सम्वन्धि खर्चको नर्मस् रासायनिक मल निर्देशिका, २०५७ (पहिलो संशोधन मिति २०६४/०४/१६)

१.२.१ कृषक समूह गठन/पुनर्गठनका लागि निवेदन पेश: रु २० ।-

१.२.२ रासायनिक मल विक्रेता दर्ता शुल्क रु. १०० ।-

१.२.३ रासायनिक मल विक्रेता नविकरण शुल्क तथा जरिवाना

क्र. सं.	विवरण	नविकरण दस्तुर रकम (रु.)	जरिवाना रकम (रु.)	जम्मा रकम (रु.)
१	म्याद सकिने मितिले ३५ दिन अगावै	५०	-	५०
२	म्याद समाप्त भएको मितिले ३० दिन भित्र	२००	-	२००
३	म्याद समाप्त भएको मितिले ३० दिन पछि पहिलो १ वर्ष भित्र	२००	५००	७००
४	म्याद समाप्त भएको मितिले दोस्रो वर्ष पछि	२००	५००+प्रति वर्ष रु. १००० को दरले	

१.३ नगर स्तरीय कृषक तालिम

सि.नं.	नर्मसको विवरण	इकाई	नर्म्स
१	समय अवधि	दिन	३
२	प्रशिक्षक वा कक्षा संचालन भत्ता (अधिकृत स्तर)	रु /कक्षा	६००
३	प्रशिक्षक वा कक्षा संचालन भत्ता (सहायक स्तर)	रु /कक्षा	५००
४	कार्यपत्र (अधिकृत स्तर)	रु /कक्षा	७००
५	कार्यपत्र (सहायक स्तर)	रु /कक्षा	६००
६	संयोजक भत्ता	रु /दिन	४००
७	सहयोगी भत्ता	रु /दिन	१५०
८	प्रशिक्षार्थि भत्ता	रु /दिन	५००
९	खाजा चियापान	रु/व्यक्ति/दिन	२००
१०	शैक्षिक सामग्री	रु/प्रशिक्षार्थि	१००
११	व्यवस्थापन (मार्कर, टेप, मेटाकार्ड, कार्डवोर्ड पेपर, व्यानर, प्रमाणपत्र, फोटोकपी आदी ।)	रु	५०००
१२	सहभागि कृषक	संख्या	१५ देखि २५ जना सम्म

शिशिर पौडेल प्रमुख प्रशासकीय अधिकृत

नारायण वन नगर प्रमुख

रत्ननगर नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल

१.४ घुम्ति स्थलगत कृषक तालिम

सि.नं.	नर्म्सको विवरण	इकाई	नर्म्स
१	समय अवधि	दिन	१-२
२	प्रशिक्षक वा कक्षा संचालन भत्ता (अधिकृत स्तर)	रु /कक्षा	४००
३	प्रशिक्षक वा कक्षा संचालन भत्ता (सहायक स्तर)	रु /कक्षा	३००
४	कार्यपत्र (अधिकृत स्तर)	रु /कक्षा	५००
५	कार्यपत्र (सहायक स्तर)	रु /कक्षा	४००
५	संयोजक भत्ता	रु /दिन	४००
६	सहयोगी भत्ता	रु /दिन	१५०
७	प्रशिक्षार्थि भत्ता	रु /दिन	०
८	खाजा चियापान	रु/व्यक्ति/दिन	१५०
९	शैक्षिक सामग्री	रु/प्रशिक्षार्थि	१००
१०	व्यवस्थापन (मार्कर, टेप, मेटाकार्ड, कार्डबोर्ड पेपर, व्यानर, प्रमाणपत्र, फोटोकपी आदी ।)	रु	२०००
११	सहभागि कृषक	संख्या	कम्तिमा १५ जना

१.५ नगर स्तरीय गोष्ठी कार्यक्रम

सि.नं.	नर्म्सको विवरण	इकाई	नर्म्स
१	समय अवधि	दिन	१
२	प्रशिक्षक वा कक्षा संचालन भत्ता (अधिकृत स्तर)	रु /कक्षा	६००
३	प्रशिक्षक वा कक्षा संचालन भत्ता (सहायक स्तर)	रु /कक्षा	५००
४	कार्यपत्र (अधिकृत स्तर)	रु /कक्षा	७००
५	कार्यपत्र (सहायक स्तर)	रु /कक्षा	६००
६	संयोजक भत्ता	रु /दिन	४००
७	सहयोगी भत्ता	रु /दिन	१५०
८	सहभागी भत्ता	रु /दिन	१५००
९	प्रतिवेदक भत्ता	रु /दिन	१०००
९	खाजा चियापान	रु/व्यक्ति/दिन	२००
१०	शैक्षिक सामग्री	रु/प्रशिक्षार्थि	१००
११	व्यवस्थापन (मार्कर, टेप, मेटाकार्ड, कार्डबोर्ड पेपर, व्यानर, प्रमाणपत्र, फोटोकपी आदी ।)	रु	५०००
१२	सहभागि कृषक वा सरोकारवालाहरु	संख्या	२५ देखि ५० जना सम्म

१.६ उन्नत बीउ किट वितरण

बाली अनुसार पहाडमा बढीमा आधा रोपनी र तराईमा बढीमा १.५ कट्ठा क्षेत्रफलमा उन्नत बीउ किट वितरण गर्न सकिने छ । प्याकिङ्ग खर्च लगायत सामग्रीहरुको लागि आवश्यक रकम स्थानीय जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा न्यूनतम लागत तोकि खर्च गर्न सकिनेछ ।

शिशिर पौडेल प्रमुख प्रशासकिय अधिकृत

नारायण बन नगर प्रमुख

रत्ननगर नगर कार्यपालिकाको कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल स्था. २०७३

१.७ बाली कटानी वा क्रप कटिङ

प्रति बाली कटानी स्थानीय जिल्ला दररेट अनुसार १ दिनको अदक्ष ज्यामी ज्याला बराबरको रकम खर्च गर्न सकिने । उपयुक्त सबै कार्यक्रमहरु विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नु पर्नेछ ।

क्र.सं.	विवरण	ईकाइ	नर्मस
१	क्षतिपुर्ती बापत कृषकलाई बुझाउनुपर्ने रकम	१० वर्ग मिटर /प्रति बाली	३००
२	प्राविधिकलाई खर्च (क्रप कटिङ, थ्रेसीङ, सुकाउने, तौलने, भण्डारण आदी बापत)	१० वर्ग मिटर /प्रति बाली	२००

१.८ व्यावसायिक बगैंचा स्थापना

- पकेट क्षेत्रमा सुन्तलाजात फलफूल, बर्षे फलफुलका बिरुवाहरु बोट बिरुवा तथा बीउको मूल्यमा ५० देखि १०० प्रतिशत अनुदान ।
- बगैंचा व्यवस्थापनको आवश्यक साना कृषि औजार सामग्रीहरु जस्तै सिकेचर, बडिङ नाईफ, ग्राफ्टीङ नाइफ र करौंतीको मूल्यमा कम्तीमा ५० प्रतिशत अनुदान र स्प्रेयरमा कम्तीमा ५० प्रतिशत अनुदान ।
- एक हेक्टर क्षेत्रमा बगैंचा स्थापना गर्ने व्यक्ति या समूहलाई स्प्रेयर ५, सिकचेर ५, प्रुनिङ्ग स (करौंती) ५ वटासम्मको मूल्यमा अनुदान दिने र १.० हे. भन्दा कम क्षेत्रफलमा बगैंचा स्थापना गर्दा प्रत्येक ५ कट्ठाको लागि एक थान सिकेचर र एक थान करौंतीको लागि अनुदान दिने ।
- व्यावसायिक बगैंचाको क्षेत्रफल पहाडी क्षेत्रमा सुन्तला जात, आंप, स्याउ, नास्पाती, हलुवाबेद, आरु, आरुबखडा आदिको लागि ७.५ कट्ठा, मेवा, भुइकटहर, केरा र कफिको लागि ३ कट्ठा । तराई क्षेत्रमा आंपको लागि १५ कट्ठा, मेवा, भुइंकटहर, केरा र कफिको लागि ६ कट्ठा क्षेत्रफल निर्धारण गरिएको छ ।

१.९ च्याउ उत्पादन

१.९.१ च्याउ उत्पादन प्रदर्शन

कन्ये च्याउ- प्रति प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरु पराल, प्लाष्टिक, च्याउको बीउ आदिमा शत प्रतिशत अनुदान दिने । यसको लागि बढीमा रु. २५०००।- सम्म खर्च गर्न सकिने । अन्य आवश्यक सामग्रीहरु जस्तै इन्धन, श्रम आदि कृषकले नै व्यहोर्ने ।

गोब्रे च्याउ- सञ्चालन गरिने प्रति प्रदर्शन (६० वर्ग फीट) आवश्यक सामग्रीहरु पराल, एमोनियम सल्फेट, यूरिया, डि.ए.पी., कृषि चुन, च्याउको बीउ, विषादी औषधि आदिमा शत प्रतिशत अनुदानमा सञ्चालन गरने र यसको निमित्त प्रति प्रदर्शन रु. २५,०००।- सम्म खर्च गरी सञ्चालन गर्ने । अन्य आवश्यक सामग्रीहरु कृषक आफैले व्यहोर्ने ।

१.९.२ च्याउ बीउ वितरण

कृषक समूह गठन भएको वा च्याउ उत्पादन पकेट क्षेत्रका कृषकहरुलाई च्याउको बीउको मूल्यमा ५० देखि शत प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

२.० माटो परिक्षण तथा बाली उपचार शिविर सञ्चालन

- शिविर संचालनमा चियापान, ब्यानर, स्टेशनरी, शिविर व्यवस्थापन आदिको लागि खर्च व्यवस्था गर्ने रु. १५,०००।००
- प्रती दिन १०० वटा माटोका नमूना परीक्षणका लागि आवश्यक रि-एजेन्ट खरिदका लागि माटो परिक्षण प्रयोगशालाले तोकेको दररेट अनुसार खर्च व्यवस्थापन गर्ने र इन्धन आदिका लागि रु. १०,०००।-
- प्रयोगशालाबाट तथा यस शिविर संचालनमा खटिएका कर्मचारीहरुलाई नियमानुसार दैनिकी भत्ताको व्यवस्था बाली उपचार शिविरमा कृषकहरुको बाली संरक्षणका लागि आवश्यक विषादीहरुको व्यवस्था गर्ने ।

शिशिर पौडेल प्रमुख प्रशासकीय अधिकृत

नारायण बन नगर प्रमुख

२.१ भ्रमण कार्यक्रम

२.१.१ अन्तरजिल्ला कृषक भ्रमण

सि.नं.	नर्मसको विवरण	इकाई	नर्मस
१	अवधि (कृषक आफनो वडाबाट भ्रमण शुरु गर्न, नगरपालिकामा भेला हुन र फर्कन बाटोको म्याद बाहेक)	दिन	३-५
२.	सहभागी कृषक	जना	३०-३५
३.	बस रिजर्भेशन भाडा तथा व्यवस्थापन	रु./दिन	२५,०००।-वा स्थानिय चलनचल्ती दररेट अनुसार
४.	दैनिकि भत्ता कृषकहरुलाई	रु./कृषक/दिन	१००० ।-
५.	दैनिकि प्राविधिक भत्ता अधिकृत स्तर	रु./प्राविधिक/दिन	१६०० ।-
६.	दैनिकि प्राविधिक भत्ता सहायक स्तर	रु./प्राविधिक/दिन	१२०० ।-
७.	दैनिकि प्राविधिक भत्ता कार्यालय सहयोगी स्तर	रु./प्राविधिक/दिन	१००० ।-
८.	अन्य व्यवस्थापन (ब्यानर, परिचय पत्र, स्टेशनरी सामग्री, औषधी सामग्री आदी)	रु.	२५,०००।-

२.१.२ कृषि प्राविधिक तथा आर्थिक विकास समिति सदस्यहरुबाट कार्यक्रम निरीक्षण/अनुगमन

- कार्यालयको साधनको व्यवस्था हुन नसक्ने अवस्थामा सवारी साधन भाडाको लागि रु. ५,०००।- प्रति दिन वा स्थानिय चलनचल्ती रेट अनुसार
- सहभागीहरुलाई भत्ता : रु. १०००।-/व्यक्ति/दिन (अधिकृत/सहायक/सहयोगी स्तरीय)
- चियापान खाजा रु. १५०/व्यक्ति/दिन
- स्टेशनरी सामग्री रु. १००।-/व्यक्ति
- अन्य खर्च तथा व्यवस्थापन रु. १,०००।-

परिच्छेद ४
विविध

१०.अनुगमन तथा मूल्याकन व्यवस्था : कृषि विकास शाखा, नगरपालिका/आर्थिक विकास समितिबाट नियमित अनुगमन गरिनेछ। अनुगमन तथा मूल्यांकनको प्रतिवेदन सम्बन्धित कार्यालयहरुमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

११.कार्यवाहीको व्यवस्था : प्रस्ताव स्वी.कृत भएका कृषि कार्यक्रमहरु अनुदानग्राहीबाट सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्यवाही गरी सरकारी रकम असुल उपर गरिने छ।

१२.प्रचलित कानून लागू हुने : कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

१३.कार्यबिधि संशोधन तथा परिमार्जन : नगरपालिकाले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

१४.बिमा : हरेक कृषि कार्यक्रमहरुमा अनुदानग्राहीले सम्भाव्यताको आधारमा बिमा गराउनु पर्नेछ।

१५. खारेजी तथा बचाउ :

क) **"कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यबिधि तथा नर्मस, २०७७"** बमोजिम भए गरेका काम कार्वाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

रत्ननगर नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल स्था:२०७३

अनुसूची - १
अनुदान कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना । सूचना ॥ सूचना ॥।

प्रथम पटक सूचना प्रकाशित मिति........................

"कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि तथा नर्मस, २०७७" अनुसार यस कार्यालयको आ.व. २०......../....... को स्वीकृत वार्षिक कार्यक्रम **कृषि विकास कार्यक्रम** अर्न्तगत .... कार्यक्रमको लागि ....प्रतिशत अनुदान सहयोग गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक अर्ध बेरोजगार/बेरोजगार कृषक/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले.............दिन भित्र (मिति.................गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	कार्यक्रमको नाम	बजेट रु.	लक्षित वर्ग	अनुदान प्रतिशत	कैफियत

संलग्न गर्नुपर्ने कागजातहरु

१. अनुसूची २ अनुसारको आवेदन फाराम,
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना,
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
४. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
५. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि
६. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।
७. संघ संस्था र वडा कार्यालयको सिफारिस पत्र
८. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा ब्यक्तिगत कृषक
९. वैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
१०. रु २० निवेदन दस्तुर वापतको राजश्व दाखिलाको भौचरको प्रतिलिपि
११. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१२. कार्यक्रम संचालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा दिई कार्यक्रम संचालन गर्नको लागि कम्तिमा............ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

....
कृषि विकास शाखा

शिशिर पौडेल प्रमुख प्रशासकिय अधिकृत

नारायण दत्त नगर प्रमुख

रत्ननगर नगर कार्यपालिकाको कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल स्था: २०७३

अनुसूची - २

अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्रको ढाँचा

मितिः ....

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
रत्ननगर नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवन ।
मार्फत श्री कृषि विकास शाखा
रत्ननगर नगरपालिका, रत्ननगर, चितवन ।

विषय : अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति..............................गते प्रकाशित सूचना बमोजिम ....कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमको कागजातहरु यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौ/छु । मैले /हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार सम्वन्धित नगर भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

स्वघोषणः यसै प्रकृतिका कार्यका लागि मैले/हामीले यस कार्यालय बाहेक अन्य संघ संस्थावाट अनुदान लिएको छैन भनी स्वघोषण गर्दछु/गर्दछौ । झुठा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहनेछु/छौ ।

तपशिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम,
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना,
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
४. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
५. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि
६. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।
७. संघ संस्था र वडा कार्यालयको सिफारिस पत्र
८. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
९. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
१०. रु २० निवेदन दस्तुर वापतको राजश्व दाखिलाको भौचरको प्रतिलिपि
११. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१२. कार्यक्रम संचालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा दिई कार्यक्रम संचालन गर्नको लागि कम्तिमा............ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

निवेदकको नाम :....................................
दस्तखत :...
ठेगाना : ....

फोन नं.: ....

नारायण वन
नगर प्रमुख

संघ/संस्थाको सिफारिस

यस ....संघ/संस्था/सहकारीको मिति .... को निणर्य अनुसार निवेदनकर्तालाई .... कार्यक्रमको लागि यस ....को जमानतमा माग गरे बमोजिमको रु...................................अनुदान सहयोग उपलब्ध गराई दिन हुन अनुरोध गर्दछौ ।

सिफारिस गर्ने पदाधिकारीको

नाम :

पद :

दस्तखत र मिति :

संघ/संस्थाको नाम र ठेगाना :

सम्पर्क नं. :

संस्थाको छाप :

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल स्था:२०७३

अनुसूची - ३

अनुदान कार्यक्रमको अवधारणाको संक्षिप्त व्यवसायिक कार्य योजनाको ढाँचा

कार्यक्रमको नाम : ....

कृषि फर्म/कम्पनी/समूह/सहकारी/जल उपभोक्ता संस्थाको नाम : ....

व्यवसायक संचालक/अध्यक्ष/प्रतिनिधिको नाम, थर : ....

सदस्य संख्या: महिला...............पुरुष................जम्मा.................

आ.ज..................दलित...........अन्य.............जम्मा...........................

ठेगाना : स्थानिय तह : ....गाउँ/टोल : .... वडा नं. : ......

क) संचालन गर्न खोजेको खेती व्यवसायको नाम र स्थान :

ख) व्यवसायको उदेश्यहरु

१. २. ३.

ग) सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :

घ) आफ्नो लगानि :

ङ) आफ्नो श्रम :

च) खेती व्यवसायवाट उत्पादन हुने वस्तु :

छ) उत्पादित कृषि बस्तुको परिमाण :

ज) बजार योग्य परिमाण :

झ) खेती व्यवसायले वातावरण वा समुदायमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

खेती/व्यवसाय गर्ने जग्गाको क्षेत्रफल..............कट्ठा लाभान्वित घरधुरी संख्या................

प्रत्यक्ष रोजगारी संख्या.:.........

संचालन गरिने कार्य विवरण:

क.सं.	संचालन गरिने कियाकलापको विवरण	मोडेल/साइज/जात	कृषक/समूह/संस्थाले गर्ने कार्यहरु			कार्यालयले गर्ने कार्यहरु			जम्मा कार्य		कैफियत
			परिमाण	दर रु.	जम्मा	परिमाण	दर रु.	जम्मा	परिमाण	जम्मा मूल्य	
१											
२											
३											
	जम्मा खर्च										
	प्रतिशत खर्च										

खेती/व्यवसाय गरेको भए, विगत कति वर्ष देखि निरन्तर गरि रहेको? वर्ष............महिना............

खेती/व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक/संस्था ख) बाहिरबाट ग) दुवै

कार्ययोजना पेश गर्नेको

नाम :

पद :

दस्तखत :

सम्पर्क नं. :

शिशिर पौडेल प्रमुख प्रशासकीय अधिकृत

नारायण दत्त नगर प्रमुख

संस्थाको छाप: (संस्थाको हकमा)

कृषक/कृषि फर्म/कम्पनी/समूह/सहकारी/जल उपभोक्ता संस्थाको विवरण

क.सं.	विवरण	ठिक चिन्ह लगाउने	कैफियत
क)	**कार्यक्रम कार्यान्यन स्थलको भौतिक पूर्वाधारको अवस्था**		
१	सडक सुविधा भएको		
२	विजुली सुविधा भएको		
३	सिँचाइ सुविधा भएको		
४	जग्गाको स्वामित्व		
४.१	निजी फर्म/संस्थाको नाममा भएको		
४.२	सार्वजनिक जग्गा भाडामा लिएको		
४.३	निजी जग्गा भाडामा लिएको		
ख)	**व्यवसाय सम्बन्धी अनुभव**		
१	३ वर्ष भन्दा कम		
२	३ देखि ५ वर्ष भन्दा कम		
३	५ वर्ष भन्दा माथि		
ग)	**व्यवसाय प्रतिको दक्षता/तालिम**		
१	३ दिन अवधी सम्मको तालिम		
२	३ देखि ७ दिने अवधि सम्मको तालिम		
३	७ देखि १५ दिने अवधि सम्मको तालिम		
४	१५ देखि माथि अवधि सम्मको तालिम		
घ)	**रोजगारीको अवस्था**		
१	कम्तीमा ३ जना सम्म		
२	३ जना भन्दा माथि		
ङ)	**उत्पादीत बस्तुको बजार योजना**		
१	आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण		
२	समुह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुहरुको बजारीकरण		
३	बजारीकरणको योजना स्पष्ट नभएको		
च)	**खेती व्यवसाय (जलवायु अनुकुलन, लगानी प्रतिफल, र दिगोपना)**		
१	उत्तम		
२	राम्रो		
३	ठिकै		
छ)	**खेतबारीको व्यवस्थापन**		
१	राम्रो		

रत्ननगर नगरपालिकाको कार्यालय कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल स्था. २०७३

२	ठिकै		
ज)	**शैक्षिक योग्यता (संचालक/अध्यक्ष)**		
१	SEE सम्म		
२	SEE भन्दा माथि		
झ)	**वास्तविक लक्षित वर्ग**		
१	दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न कृषक वर्ग		
२	महिला कृषक वर्ग		
३	अन्य		
ञ)	**लाभान्वित घरधुरी संख्या**		
१	१५ देखि २० घरधुरी संख्या		
२	१० देखि १४ घरधुरी भन्दा माथि		
३	५ देखि ९ घरधुरी		
४	१ देखि ५ घरधुरी		
ट)	**कृषक/उद्यमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्था**		
१	कृषक समूह		
२	कृषि सहकारी/जल उपभोक्ता संस्था		
३	उधमी/कृषि फर्म/कम्पनी		
४	कृषक		
ठ)	**बैदेशिक रोजगारीको अनुभव (बर्ष)**		

पेश गर्नेको

नाम :

पद :

दस्तखत :

सर्म्पक नं. :

संस्थाको छाप: (संस्थाको हकमा)

शिशिर पौडेल प्रमुख प्रशासकिय अधिकृत

नारायण वन नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय रत्ननगर नगरपालिका कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल स्था:२०७३

अनुसूची - ४

अनुदान कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा मार्फत संचालन गरिने चालु आर्थिक बर्ष.........कोस्वीकृत बार्षिक कार्यक्रम **कृषि विकास कार्यक्रम** अन्तर्गत ....कार्यक्रम संचालन गर्न रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय (यस पछी पहिलो पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका कृषक/उधमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्था श्री .... (यस पछी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरुको अधिनमा रहि कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

शर्तनामाहरु

१. यो सम्झौता पत्र पहिलो पक्ष र दोस्रो पक्ष बीच...................................... कार्यक्रम कार्यान्वयनको लागि मात्र प्रयोग हुनेछ। यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ। सम्झौता मितिले ७ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ।

२. दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र बमोजिमको डिजाइन र इस्टिमेट अनुसार यस कार्यक्रमका लागि सम्झौता भएको

   क) कुल रकम रु .... (अक्षरुपी रु. .... मात्र।)

   ख) कार्यालयले उपलब्ध गराउने अनुदान रकम (५०% वा बढीमा रु..............................) अक्षरुपी रु................मात्र।

३. दोस्रो पक्षले प्राविधिकको सरसल्लाह र स्वीकृत प्रस्ताव वमोजिमको डिजाइन र इस्टिमेट अनुसार कार्य सञ्चालन गर्नु पर्नेछ। साथै कार्य सम्पन्न भए पछि मात्र प्रचलित आर्थिक ऐन नियमानुसार करकट्टी गरी रकम भुक्तानी हुनेछ।

४. भुक्तानीका लागि दोस्रो पक्षले वडाको सिफारिस पत्र, कार्य सम्पन्न प्रतिवेदन, योजना अघि, योजना निर्माण गरिरहदा र योजना सम्पन्न पश्चात्को रंगिन तस्विर, जनश्रमको डोर हाजिरी, सामग्री खरिदको **भ्याट बील** तथा भरपाई, दाखिला प्रतिवेदन र समुह/सहकारीको बैठकको निर्णयको प्रतिलिपि सहित भुक्तानीको लागि कार्यालयमा निवेदन गर्नुपर्नेछ। रकम भुक्तानी सम्बन्धित दोस्रो पक्षको बैकको खातामा भुक्तानी दिइनेछ।

५. दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए.स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ। दोस्रो पक्षले यस कार्यक्रम वा यसै प्रकृति बमोजिमको कार्यका लागि दोहोरो अनुदान प्राप्त गरि ठगी गरिएको पाएमा सोको जिम्मेवारी दोस्रो पक्षको हुनेछ। साथै दोस्रो पक्षले पहिलो पक्षबाट उपलब्ध गराएको सेवा सुविधाको दुरुपयोग गरी जनगुनासो आएमा सोको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. कार्यक्रमको फरफराक कार्य सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) यही आ.व. २०........./.......... को २०............साल..................महिनाको ....गते भित्र सम्पन्न गरी सक्नुपर्नेछ।

७. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, अनुदानग्राहीको नाम, ठेगाना, सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग वोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ।

८. कार्यक्रम संचालनको दौरान दोस्रो पक्षको लापरवाहीको कारणवाट कुनै प्रकारको मानविय, भौतिक तथा आर्थिक हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ। साथै कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. पहिलो पक्षले कुनैपनी बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सरसल्लाह सुझाव दिन सक्नेछ ।

१०. सम्झौता बमोजिमको कार्य नभई रकम दुरुपयोग हुन सक्ने देखिएमा पहिलो पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्न र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

११. दोस्रो पक्षले सामग्री खरिद तथा निर्माण कार्यको सार्वजनिक जानकारी (Public Auditing) गराउनुपर्नेछ ।

१२. कार्यक्रम सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

१३. यस कार्यक्रम सम्बन्धी कुनै विवाद आएमा पहिलो पक्ष र आर्थिक विकास समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

....
दोस्रो पक्षको तर्फबाट
नामः
पदः
सर्म्पक नं.:
संस्थाको छाप :

....
पहिलो पक्षको तर्फबाट
नामः श्री ....
पदः प्रमुख प्रशासकिय अधिकृत

....
आर्थिक विकास समितिको तर्फबाट
नामः श्री ....
पदः संयोजक
सर्म्पक नं.:

....
दोस्रो पक्षको तर्फबाट
साक्षीको नाम :
सर्म्पक नं.:

....
कृषि विकास शाखाको तर्फबाट
नामः
पदः
सर्म्पक नं.:

इति सम्वत् ....साल........................महिना......................गते रोज......................शुभम् ।

नोटः सम्झौता आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।

अनुसूची-५

अनुदान कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. कृषक/उद्यमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्थाको

नाम :

ठेगाना :

२. संचालित खेती व्यवसायको

नाम :

ठेगाना :

३. आ.व. :

४. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

क.सं.	कार्य विवरण	ईकाई	लक्ष्य	प्रगति	आई परेका बाधा अड्चनहरु	समाधानको लागि सुझावहरु

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य :

१. .... २. .... ३. ....

कृषक/उद्यमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्थाको

नाम :

पद :

दस्तखत :

मिति :

ठेगाना :

सर्म्पक नं.

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नारायण वन
नगर प्रमुख

CamScanner

रत्ननगर नगरपालिका कार्यपालिकाको कार्यालय कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल

अनुसूची - ६

अनुदान कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

१. आवेदकको नाम : ....

२. कार्यक्रम संचालक स्थलको ठेगाना : ....

३. प्रस्तावित कार्यक्रमको नाम : ....४. सम्पर्क नं. : ....

मूल्यांकनका आधारहरु

क्र. सं.	विवरण	भार	प्राप्तांक	कैफियत
क)	**कार्यक्रम कार्यान्यिन स्थलको भौतिक पूर्वाधारको अवस्था**	(१०)		
१	सडक सुविधा भएको	२		
२	विजुली सुविधा भएको	२		
३	सिँचाइ सुविधा भएको	२		
४	जग्गाको स्वामित्व	४		
४.१	निजी फर्म/संस्थाको नाममा भएको	४		
४.२	सार्वजनिक जग्गा भाडामा लिएको	३		
४.३	निजी जग्गा भाडामा लिएको	२		
ख)	**व्यवसाय सम्बन्धी अनुभव**	(५)		
१	३ बर्ष भन्दा कम	३		
२	३ देखि ५ बर्ष भन्दा कम	४		
३	५ बर्ष भन्दा माथि	५		
ग)	**व्यवसाय प्रतिको दक्षता/तालिम**	(५)		
१	३ दिन अवधी सम्मको तालिम	२		
२	३ देखि ७ दिने अवधि सम्मको तालिम	३		
३	७ देखि १५ दिने अवधि सम्मको तालिम	४		
४	१५ देखि माथि अवधि सम्मको तालिम	५		
घ)	**रोजगारीको अवस्था (प्रस्तावित)**	(५)		
१	कम्तीमा ३ जना सम्म	३		
२	३ जना भन्दा माथि	५		
ङ)	**उत्पादीत बस्तुको बजार योजना**	(१५)		
१	आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण	१५		
२	समुह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुहरुको बजारीकरण	१२		
३	बजारीकरणको योजना स्पष्ट नभएको	१०		
च)	**व्यावसायिक कार्ययोजना स्पष्टता (कार्ययोजना, जलवायु अनुकुलन, लगानी प्रतिफल, र दिगोपना)**	(३०)		
१	उत्तम	३०		
२	राम्रो	२०		
३	ठिकै	१५		

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नारायण प्र...
नगर प्रमुख

छ)	खेतबारीको व्यवस्थापन	(५)		
१	राम्रो	५		
२	ठिकै	३		
ज)	शैक्षिक योग्यता (संस्थाको हकमा अध्यक्ष)	(५)		
१	SEE सम्म	३		
२	SEE भन्दा माथि	५		
झ)	वास्तविक लक्षित वर्ग	(५)		
१	दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न कृषक वर्ग	५		
२	महिला कृषक वर्ग	३		
३	अन्य	२		
ञ)	लाभान्वित घरधुरी संख्या	(७)		
१	१५ देखि २० घरधुरी संख्या	७		
२	१० देखि १४ घरधुरी भन्दा माथि	५		
३	५ देखि ९ घरधुरी	४		
४	१ देखि ५ घरधुरी	३		
ट)	कृषक/उद्यमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्था	(५)		
१	कृषक समूह	५		
२	कृषि सहकारी/जल उपभोक्ता संस्था	४		
३	उधमी/कृषि फर्म/कम्पनी	३		
४	कृषक	२		
ठ)	बैदेशिक रोजगारीको अनुभव (कम्तिमा १ बर्ष)	(२)		
	जम्मा	१००		

स्थलगत अनुगमनका क्रममा भेटिएका अन्य थप विवरणहरु

१.

२.

३.

आर्थिक विकास समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

क्र.सं.	पद	नाम, थर	दस्तखत	मिति	कैफियत
१	संयोजक				
२	सदस्य				
३	सदस्य				
४	सदस्य				
५	सदस्य				
६	सदस्य				
७	सदस्य सचिव				

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नारायण दत्त
नगर प्रमुख

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा रत्ननगर, चितवन ३ नं. प्रदेश, नेपाल स्था: २०७२

अनुसूची ७

अनुदानमा कृषि उत्पादन सामग्री प्राप्त गर्न चाहने कृषि फर्म/कम्पनी/समूह/सहकारी/जल उपभोक्ता संस्थाले श्रोत केन्द्र/आपूर्तिकर्ता सिफारिस पाउन दिइने निवेदकको ढाँचा

मिति: ....

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवन ।
मार्फत,
कृषि विकास शाखा, रत्ननगर नगरपालिका, रत्ननगर, चितवन ।

विषयः सर्म्बाधित श्रोत केन्द्र/आपूर्तिकर्ता तोकी सिफारिस पाउँ ।

महोदय,

हामीलाई/मलाई व्यवसायिक कृषि कार्यमा उपयोग गर्नका लागि निम्न अनुदानमा कृषि उत्पादन सामग्री वितरण कार्यक्रममा छनौट भएकोले उक्त कृषि उत्पादन सामग्रीहरु पाउन सम्वन्धित श्रोत केन्द्र/आपूर्तिकर्तामा सिफारिस गरिदिनु हुन यो निवेदन पेश गरेका छौं/छु ।

तपसिल

अनुदानमा खरिद गर्न चाहेको कृषि उत्पादन सामाग्रीहरुको विवरण

१.
२.
३.

संलग्न कागजातहरु

१.
२.
३.

कृषक/उद्यमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्थाको
नाम :
पद :
दस्तखत :
मिति :
ठेगाना :
सर्म्पक नं. :
संस्थाको छाप :

शिशिर पौडेल प्रमुख प्रशासकिय अधिकृत

नारायण दनं नगर प्रमुख

अनुसूची-८

अनुदानमा छनौट भएका कृषि फर्म/कम्पनी/समूह/सहकारी/जल उपभोक्ता संस्थाले कार्यक्रम संचालन गर्ने स्थानमा राखिने बोर्डको ढाँचा

१. कार्यक्रमको नाम :

२. आर्थिक बर्ष : २०........../............

३. अनुदानग्राही कृषक वा संस्थाको नाम:

४. ठेगाना :

५. संस्थाको अध्यक्ष/संचालक/प्रतिनिधीको नाम:

६. सर्म्पक नं. :

७. कुल कार्यक्रमको लागत खर्च रु. :

क) अनुदान रकम रु. :

ख) संस्थाको साझेदारी

१) नगद रकम रु :......................................२) जनश्रम रकम रु. :...

८. लक्षित बालीको नाम :

९. संचालित क्रियाकलापहरु

क.

ख.

ग.

घ.

ङ.

१०. लाभान्वित कृषक घरधुरीको संख्या :

११. कुल लाभान्वित कृषक संख्या

क) लैंगिक सहभागिता

१) महिला................................२) पुरुष.................................३) अन्य....................

ख) जातिय सहभागिता

१) दलित............................२) आदिवासी जनजाती...............३) अन्य....................

१२. सहयोगी संस्थाको नाम : रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नारायण बन
नगर प्रमुख

CamScanner